# महाकाली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ | संख्याः ०३ | मितिः २०७९/०४/११

भाग–०१


# महाकाली नगरपालिकाको विनियोजन ऐन, २०७९

## प्रस्तावनाः

महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको भाग १९ धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी महाकाली नगरपालिकाको दशौं नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम *“महाकाली नगरपालिकाको विनियोजन ऐन, २०७९”* रहेको छ।

(२) यो ऐन आर्थिक वर्ष २०७९।०८० को श्रावण १ गते बाट प्रारम्भ हुने छ।

**२. परिभाषाः**

क. *“नगर सभा”* भन्नाले महाकाली नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ख. *“कार्यपालिका”* भन्नाले महाकाली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. *“वडा समिति”* भन्नाले महाकाली नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ. *“विषयगत शाखा”* भन्नाले महाकाली नगरपालिका अन्तरगतको विभाग, महाशाखा, शाखा, आयोजना, इकाइ, कार्यालय तथा अन्य प्रशासनिक इकाइ समेतलाई सम्झनु पर्दछ।

ङ. “संचित कोष” भन्नाले महाकाली नगरपालिकाको संचित कोषलाई सम्झनु पर्दछ।

**३. आर्थिक वर्ष ०७७।७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष ०७९/०८० को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरु सञ्चालनका लागि अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. ६५,४२,५५, ०००।- (अक्षरेपि पैंसठ्ठी करोड बयालीस लाख पचपन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट रकम खर्च गर्न सकिने छ।

४. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त महाकाली नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिने छ। यसरी रकम सार्दा एक शीर्षकबाट कुनै एक वा एक भन्दा बढी शीर्षक हरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षक हरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजीगत र वित्तीय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनुपर्ने छ तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएतापनि मागमा आधारित तथा नगरस्तरीय पूर्वाधार विकासका विशेष कार्यक्रमका लागि एकमुष्ट विनियोजन गरिएको र कमलाई कार्यविधि बनाई कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

(५) फुटकर तथा आकस्मिक योजना सञ्चालन गर्न कार्यपालिका बैठकले आवश्यक व्यवस्था गर्न सक्ने छ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

नेपालको संविधान धारा २२९ (२) बमोजिम
स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

| सि. नं. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | ८७७५३ | १३०० | | ८९०५३ |
| २ | वडागत बजेट | ४९८३ | २११८० | | २६१६३ |
| ३ | आर्थिक विकास क्षेत्र | २०९४४ | ८००० | | २८९४४ |
| ४ | सामाजिक विकास क्षेत्र | ३९९२२ | ० | | ३९९२२ |
| ५ | पूर्वाधार विकास क्षेत्र | ६१०० | ९१३२७ | | ९७४२७ |
| ६ | वन तथा वातावरण क्षेत्र | ९५०० | ० | | ९५०० |
| ७ | सुशासन तथा संस्थागत विकास | ४००० | १९०० | | ५९०० |
| ८ | शसर्त अनुदान संघ | २५३२०० | २११०० | | २७४३०० |
| ९ | सामाजिक सुरक्षा | ६०००० | ० | | ६०००० |
| १० | विभिन्न कोषहरु | १०००० | | | १०००० |
| ११ | धरौटी खाता | | | १३०४६ | १३०४६ |
| | जम्मा | ४९६४०२ | १४४८०७ | १३०४६ | ६५४२५५ |

**आज्ञाले**
**नर बहादुर ठगुन्ना**
**प्रमुख प्रशासकीय अधिकृत**

**महाकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**
**फोन नं. ०९३-४२०१३७**